म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ११ | बुधबार २५ साउन २०७९ | ने. सं. ११४२ गुँलाथ्व | 10 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर बिक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# कार्यकाल सकिन लाग्दासमेत प्रदेश संरचनाको टुंगो लागेन

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ संघीय सरकारले आगामी ४ मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैपटक गर्ने घोषणा गरिसकेको छ ।

निर्वाचन घोषणा भएसँगै संघीयदेखि बागमती प्रदेश सरकार काम चलाउ भइसके । पहिलो निर्वाचनबाट आएको बागमती प्रदेश सरकारको कार्यकाल सकिन झण्डै चार महिना बाँकी छ । ४ मंसिरमा हुने प्रदेशसभा निर्वाचनबाट बागमतीमा नयाँ सरकार बन्छ ।

नयाँ सरकार बनेपनि पुरानै अर्थात् अर्काको भवनमा बसेर सरकार चलाउनु पर्ने निश्चित भइसकेको छ । बागमतीको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालयदेखि सरकारमातहतका थुप्रै कार्यालयको आफ्नै भवन छैन । तत्कालीन संघीय सरकारमातहतका कार्यालयको भवनमा बसेर प्रदेश सरकार चलिरहेको छ ।

बागमतीले बितेको चार वर्षमा तीन वटा मुख्यमन्त्री पायो भने ३० जनाको हाराहारीमा मन्त्री पायो । तर, आफ्नै संरचना भने पाउन सकेन । करिब ४२ महिना सरकार चलाएका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले जग्गाको डीपीआर मात्रै बनाएर छोडे ।

सरकार गठन भएको लामो समयपछि मात्रै हेटौंडा स्थायी राजधानी भएकाले पनि पौडेलले प्रादेशिक संरचना बनाउन पर्याप्त समय पाएनन् । त्यसपछि मुख्यमन्त्रीमा अष्टलक्ष्मी शाक्य र राजेन्द्र पाण्डे आए । करिब तीन महिनामात्रै सरकार चलाएकी शाक्यले प्रादेशिक संरचनाको विषयमा प्रवेश नै गरिनन् ।

एमाले सरकारको बहिर्गमनसँगै मुख्यमन्त्री बनेका राजेन्द्रप्रसाद पाण्डेले भने प्रादेशिक संरचना बनाउन समिति नै बनाएर जग्गा छनौट गरे । पाण्डेले पनि सोचेअनुसार संघीय सरकारले स्वीकृति नदिँदा प्रदेशको सिंहदरबार बनाउने योजना अलपत्र बनेको छ ।




करिब पाँच महिना अगाडि नै हेटौंडाको ७ ठाउँमा जग्गा छनौट गरेर स्वीकृतिका लागि संघीय सरकारलाई सिफारिस गरेपनि हालसम्म कुनै जानकारी नआएको सरकारका प्रवक्ता तथा आन्तरिक मामिला मन्त्री कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए । 'हामीले पहिल्यै जग्गा छनौट गरेर पठाएका हौं । तर, अहिलेसम्म स्वीकृत भएर आएको छैन । हामी लागिपरेका छौं । हाम्रै पालामा एउटा निर्णय हुन्छ ।'

पुरानै जग्गाको स्वीकृत नआए पनि सोमबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले अर्को एउटा जग्गाको भोगाधिकारका लागि संघीय सरकारमा सिफारिस गरेको छ । हेटौंडा उपमहानगरपालिका-१७ हटियास्थित मकवानपुर बहुमुखी सहकारी संस्था लिमिटेडको नाममा रहेको कित्ता नम्बर १८३ को १२ कठ्ठा १२ धुर जग्गामा संरचना बनाउने गरी अनुमतिका लागि सिफारिस गरिएको मन्त्री खनालले बताए । यसअघि ८ कठ्ठा जग्गाको सिफारिस भएपछि१८३ नम्बर कित्ताको जग्गा छुटेको उनले बताए ।

मन्त्री खनालले केही समयभित्र प्रदेश सरकारका संरचना बनाउन जग्गाको स्वीकृत भएर आउने विश्वास दिलाए । 'हाम्रो सरकारकै पालामा जग्गाको स्वीकृति आइसक्छ । संरचना निर्माणको एउटा चरणमा हामी पुग्छौं' खनालले भने । मन्त्री खनालको संयोजकत्वमा बनेको प्रशासनिक भवन जग्गा पहिचान समितिले यसअघि ७ ठाउँमा जग्गा छनौट गरेर पठाएको थियो ।

संरचना बनाउन यसअघि कूल एक सय ९५ दशमलव २७ बिघा जग्गा पहिचान गरेर संघीय सरकारलाई प्रस्ताव गरेको हो । छनौट भएका जग्गामा मन्त्रालय, निर्देशनालय, विभाग, आयोगका कार्यालय तथा आवासगृह स्थापना हुने जनाइएको छ ।

मुख्यमन्त्री पाण्डेले प्रदेशको सबै संरचनालाई एकै स्थानमा निर्माण गरेर सिंहदरबारको स्वरुप दिने बताउँदै आएका थिए । तर, सरकारको योजनाअनुसार प्रादेशिक संरचना एकै ठाउँमा बनाउने गरी तयारी अघि बढेको देखिँदैन । हेटौंडा उपमहानगरपालिका-१९ लेवटमा ८० बिगाह जग्गा पहिचान गरिएको मन्त्री खनालले जानकारी दिए । उनका अनुसार हेटौंडा-१६ मा ५४ बिगाह, हेटौंडा-६ चित्रेपानीमा २० देखि २५ बिगाह, हेटौंडा-९ लामसुरेमा १५ बिगाह, हेटौंडा-१७ हटियास्थित डिपोचौरमा १२ बिगाह, हेटौंडा-९, स्थित हेटौंडा सिमेन्टको स्वामित्व रहेको ५ बिगाह, हेटौंडा-८ भोर्लेमा २ दशमलव १३ र हेटौंडा-१७ हटियाको पश्चिम डिपोचौरमा २ दशमलव १४ बिगाह जग्गा छनोट भएको हो ।

तत्कालीन सरकारले संरचना बनाउन नसक्दा मन्त्रालयदेखि मातहतका कार्यालय भाडाका घरमा बसिरहेका छन् । हाल भवन अभावमा मन्त्रालय र कार्यालयहरु अव्यवस्थित रुपमा सञ्चालन भइरहेको छ । प्रदेशको करोडौं रुपैयाँ भाडाका नाममा गइरहेको छ ।

तत्कालीन मुख्यमन्त्री पौडेलको पालामा भौतिक पूर्वाधार विकास मन्त्रालयले हेटौंडा-२, स्थित हालकै सरकारी अड्डा भएको क्षेत्रमा प्रादेशिक संरचना बनाउने गरी डीपीआर तयार पारेको थियो । मन्त्रालयको आवास, भवन तथा शहरी विकास महाशाखाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ वटा मन्त्रालय निर्माण गर्न डिजाइन पनि तयार पारेको थियो । हाल बागमतीमा मन्त्रालय संख्या नै त्यसको दोब्बर छ ।

महाशाखाले तयार पारेको डीपीआर प्रयोगमा आउन नसक्ने देखिएको छ । मन्त्री खनालका अनुसार जग्गाको स्वीकृति आएपछि मात्रै डीपीआर बनाउने भएको हो । तर, निर्वाचन घोषणा भइसकेकाले वर्तमान सरकारको आयु लामो नरहेका कारण डीपीआर निर्माण नहुन सम्भावना छ ।

## आज जिसस मकवानपुरको आठौं जिल्लासभा




साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ जिल्ला समन्वय समिति मकवानपुरले आज बुधवार आठौं जिल्लासभा गर्ने भएको छ । जिल्लासभाको तयारी पूरा भएको जिसस प्रमुख ललित घलानले बताए ।

जिल्लासभाको प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डे रहने छन् । जिसस मकवानपुरको ८९ औं बोर्ड बैठकले २५ साउनमा जिल्लासभा गर्ने निर्णय गरेको थियो । सभाबाट जिसस मकवानपुरको चालू आर्थिक वर्ष २०७९/०८० को बजेट पास हुने जनाइएको छ । जिल्ला सभामा जिल्ला समन्वय समिति मकवानपुरको नीति कार्यक्रम तथा जिससको चालु आर्थिक वर्ष २०७९/०८० को बजेट पारित गरिने जिसस प्रमुख घलानले बताए ।

## हेटौंडा क्याम्पस, हेटौंडा

**खुल्ला प्रतियोगिता**

विज्ञापन नं. ००२-२०७९/०८०

प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२५ गते

हेटौंडा क्याम्पस, हेटौंडाको निमित्त निम्नलिखित विषयमा खुल्ला प्रतियोगिताद्वारा आंशिक करार सेवामा पद पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट मिति २०७९ श्रावण ३१ गते साँझ ५ बजेभित्र हेटौंडा क्याम्पस, हेटौंडाको सेवा समितिको कार्यालय (प्रशासन शाखा) मा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फारम हेटौंडा क्याम्पस, हेटौंडाको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन । आवेदन फारमसाथ आवेदन दस्तुर जम्मा गरेको सक्कल बिल र आवश्यक कागजातहरूको २/२ प्रति प्रतिलिपिहरू पेश गर्नु पर्नेछ ।

**आवश्यक कागजातहरूः**

१. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू ।
२. अनुभवको प्रमाणपत्रः त्रि.वि.का आंगिक क्याम्पस वा सामुदायिक क्याम्पसहरुमा शिक्षण सेवामा स्थायी, अस्थायी वा करार सेवामा रही काम गरेको भए सोको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र आवेदन साथ पेश गर्नु पर्नेछ ।
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. व्यक्तिगत विवरण (बायोडाटा) ३ प्रति ।
६. प्रकाशित अनुसन्धानात्मक कृतिहरू (विज्ञापन प्रकाशित हुनुभन्दा अगाडि प्रकाशित भइसकेको सम्बन्धित विषयको पाठ्यपुस्तक, सम्बन्धित विषयको सन्दर्भ ग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरू, विषयगत साधारण लेखहरू र स्नातकोत्तर तहको शोध निर्देशन गरिएको प्रमाणित पत्र आदि) उम्मेदवारले आवेदन फाराम साथ पेश गर्नु पर्नेछ ।

**विषयः १. व्यवसायिक कानुन** (Business Law)

**आवश्यक न्युनतम योग्यताः** त्रिभुवन विश्व विद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै एक विषयमा न्यूनतम द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कानुनमा स्नातक उत्तीर्ण गरेको ।

**आवेदन दस्तुरः** रु.२०००।- (दुई हजार मात्र)

**सेवा समयः** क्याम्पसको आवश्यकताअनुसार ।

**उम्मेदवार हुन नपाउने व्यवस्था :**

देहायको अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन:

१. भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति,
२. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति,
३. गैरनेपाली नागरिक,
४ विज्ञापन प्रकाशित भएको मितिसम्म ४५ वर्ष नाघेको व्यक्ति ।

**परीक्षाको किसिमः** अन्तर्वार्ता तथा कक्षा अवलोकन ।

उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटी हुन गएमा सो सच्याउने अधिकार यस क्याम्पसको सेवा समितिमा सुरक्षित हुनेछ ।

सदस्य सचिव
**क्याम्पस सेवा समिति**
हेटौंडा क्याम्पस, हेटौंडा
फोन नं. ०५७-५२६७३७

# यस्ता छन् बागमती मन्त्रिपरिषद्को निर्णय

साझाकुरा संवाददाता



हेटौंडा, २४ साउन/ बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले करार सेवाका कर्मचारीलाई महंगी भत्ता दिनेदेखि पास हुन नसकेको अध्यादेशलाई पुन: ल्याउने निर्णय गरेको छ ।

प्रदेश सरकारले प्रदेश मातहतका कार्यालयमा कार्यरत् करार सेवाका कर्मचारीलाई पनि महंगी भत्ता उपलब्ध गराउने निर्णय गरेको हो । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले करार सेवाका कर्मचारीहरुलाई पनि महंगी भत्ता दिने निर्णय गरेको सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्ण शर्मा खनालले जानकारी दिए । करारका कर्मचारीहरुले अब मासिक २ हजार रुपैयाँका दरले महंगी भत्ता पाउने भएका छन् ।


मन्त्रीपरिषद् बैठकले २ वटा अध्यादेशलाई पुन: जारी गर्ने निर्णय गरेको मन्त्री खनालले बताए । यसअघि जारी भएर पनि प्रदेशसभाबाट पास हुन नसकेको प्रदेश निजामति सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्ने निर्णय गरेको प्रवक्ता खनालले जानकारी दिए । सरकारले गत फागुनमा प्रदेश निजामति सेवाको अध्यादेश, स्थानीय तहका सेवाको अध्यादेश र प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश र प्रदेश अनुसन्धन व्यूरो गठन, संचालनसम्बन्धी अध्यादेश जारी गरेको थियो ।

प्रदेश अनुसन्धन व्यूरो गठन, संचालन सम्बन्धी अध्यादेश प्रदेशसभाबाट पास भएको थियो । बाँकी ४ वटा अध्यादेश प्रदेशसभाबाट पास हुन सकेको थिएन् । यी अध्यादेश कानुनत: ६० दिनभित्रमा प्रतिस्थापन विधेयक ल्याएर पास गर्नुपर्ने प्रावधान छ ।

तर, सरकारले जारी गरेको अध्यादेशहरुलाई प्रतिस्थापन गर्न विधेयक ल्याए पनि त्यसका थुप्रै त्रुटि र संशोधनको प्रस्ताव प्रदेशसभामा दर्ता भएपछि पास हुन सकेका थिएनन् । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश र प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश पुन: जारी नगर्ने प्रवक्ता खनालले जानकारी दिए । अदालतमा मुद्दा विचाराधीन रहेका कारण मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश सदनमा पेश हुन नसक्ने भएकाले जारी नगर्ने भएको मन्त्री खनालले बताए । तयारी नपुगेको भन्दै प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश पनि नआउने भएको हो ।

मन्त्रिपरिषद् बैठकले गत आर्थिक वर्षमा विकास योजनाको काम सम्पन्न भएका र असार मसान्तमा लेखाको सुत्र बन्द भएर भुक्तानी हुन बाँकी रहेको करिब ३ अर्ब रुपैयाँ रकमको एकिन विवरण संकलन गरेर भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरेको मन्त्री खनालले जानकारी दिए ।

मन्त्रिपरिषद्ले प्रादेशिक संरचना निर्माणका लागि हेटौंडाको थप एक जग्गाको भोगाधिकारका लागि संघीय सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । हेटौंडा-१७, स्थित मकवानपुर बहुमुखी सहकारी संस्था लिमिटेडको नाममा रहेको कित्ता नम्बर १८३ को १२ कठ्ठा १२ धुर जग्गामा संरचना बनाउने गरी अनुमतिका लागि सिफारिस गरिएको मन्त्री खनालले बताए ।



साझाकुरा

## हाम्रो कुरा

# उपयुक्त विषय र स्कूल छनौट

अहिले विद्यार्थी तथा अभिभावकहरु कक्षा ११ मा भर्ना हुनका लागि स्कूल/कलेज र विषय छनौटमा व्यस्त छन् । लेटर ग्रेडिङ प्रणालीको सुरुवातपछि एसईई परीक्षा दिने अधिकांश विद्यार्थी कक्षा ११ पढ्न योग्य हुने भए पनि विषयगत ग्रेडका कारण आफूले चाहेको विषय पढ्न पाइरहेका छैनन् । पाठ्यक्रम विकास केन्द्रले कक्षा ११ मा साधारण तथा प्राविधिक धारतर्फ विभिन्न शंकायमा अध्ययनका लागि न्यूनतम जीपीए तथा विषयगत ग्रेड हासिल गर्नुपर्ने व्यवस्था लागू गरेको छ । साधारण धारतर्फ विज्ञान शंकाय अध्ययनका लागि न्यूनतम जीपीए २.० र अन्य शंकायका लागि न्यूनतम जीपीए १.६ निर्धारण गरिएको छ । अधिकांश विद्यार्थीले न्यूनतम जीपीए हासिल गरेको भए पनि तोकिएको विषयगत ग्रेड नहुँदा आफूले चाहेको विषय अध्ययन गर्नबाट वञ्चित हुनु परेको छ ।

विगतमा एसएलसी परीक्षामा धेरै विद्यार्थी अनुत्तीर्ण भएर अध्ययनलाई रोक्न बाध्य हुनुपरेको भन्दै ग्रेडिङ प्रणालीको सुरुवात गरिएको हो । ग्रेडिङ प्रणालीका कारण कुनै विषयमा कमजोर नतिजा भएर अनुत्तीर्ण हुनुपर्ने बाध्यता अन्त्य गरेको भए पनि राम्रो ग्रेड हासिल गर्न नसकेका कारण चाहेको विषय अध्ययन गर्नबाट वञ्चित हुनुपर्ने समस्या निम्त्याएको छ । विगतमा जुन श्रेणीमा एसएलसी उत्तीर्ण भए पनि विद्यार्थीले शिक्षा, व्यवस्थापन, मानविकी शंकाय अध्ययन गर्नसक्ने अवस्थालाई ग्रेडिङ प्रणालीले रोक लगाएको छ । कुनै विषयको नतिजामा तोकिएको ग्रेड ल्याउन नसकेपछि विद्यार्थीलाई आफ्नो रुचिभन्दा फरक भए पनि तोकिएको विषयमात्र अध्ययन गर्नुपर्ने बाध्यता भएको छ । यसले विद्यार्थीको रुचि एकातिर विषय छनौट अर्कोतिर हुँदा माथिल्लो कक्षाको पठनपाठन प्रभावकारी हुन नसक्ने सम्भावना बढाएको छ । एसईईपछि विद्यार्थी तथा अभिभावकका लागि विषय छनौटमा समस्या भएजस्तै उपयुक्त शिक्षण संस्था छनौटमा पनि अलमल हुने गरेको छ । अधिकांश विद्यार्थीहरु साथीहरुको लहलहैमा शहर, बजारका शिक्षण संस्थामा अध्ययन गर्न चाहने कारण त्यही विषय पढाउने गाउँघरका शिक्षण संस्था रित्तिँदै जान थालेका छन् । कक्षा १२ सम्म विद्यालय शिक्षा भनिए पनि निजी लगानी र सामुदायिक कलेजहरुले पनि कक्षा ११, १२ मा विद्यार्थी भर्ना गरिरहेका कारण विद्यार्थीहरु तिनै कलेजको विज्ञापनको पछि लाग्ने परिपाटीले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण देखिएको छैन । आकर्षक विज्ञानपन र विभिन्न प्रलोभन देखाएर विद्यार्थी र अभिभावकको ध्यान केन्द्रित गर्ने क्रम चलिरहेकै छ ।

एसईईमा आफूले ल्याएको ग्रेडको विश्लेषण गर्दै अभिभावकको आर्थिक अवस्था, विद्यार्थीको रुचि, दक्षता र अन्य अनुकूलताअनुसार शिक्षण संस्था र विषय छनौट गर्नु आवश्यक छ । कक्षा ११ मा भर्ना गर्ने समयमा विद्यार्थी आफूले चाहेको शिक्षण संस्था र विषय छान्ने अनि अभिभावकले अर्कै विषय र शिक्षण संस्थामा अध्ययन गर्न दबाब दिने अवस्थाले विद्यार्थी र अभिभावक दुबैलाई हानि पुऱ्याउन सक्छ । लहलहै, करकाप र दबावमा परेर विषय र शिक्षण संस्था छनौट गर्दा विद्यार्थीले शैक्षिक प्रगति गर्न सक्दैनन् । विषय र स्कूल/कलेज छनौट गर्दा आफ्नो रुचि, क्षमता, दक्षता, उपादेयता, सुगमता, सबलताजस्ता पक्षलाई ध्यान दिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन २६ गते बिहीबार ११ अगष्ट २०२२ । श्रावण शुक्लपक्ष चतर्दशी । गुँलाथ्व ११४२ । सूर्योदय: ५:३२, सूर्यास्त: ६:४५ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : ऋणभार बढ्नाले खिन्नता | तुला | : शैक्षिक कार्यमा सफलता |
| वृष | : आफन्तमा मनोमालिन्य | वृश्चिक | : आफन्तबाट सहयोग |
| मिथुन | : साझेदारी कार्यमा सफलता | धनु | : शत्रुबाट बाधा सृजना |
| कर्कट | : वैदेशिक कार्यमा अवरोध | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : अनावश्यक झंझट बृद्धि |
| कन्या | : सन्तान पक्षबाट सन्तोष | मीन | : आरोप प्रत्यारोपको सामना |

# बुख्याचाहरूको जगजगी



✍ माधवर अधिकारी

कृषकहरूले बालीनाली लगाएका खेतबारीबीच वा आवश्यकताअनुसार विभिन्न कुनामा राखिने मानिस आकारको तर्साउने वस्तुलाई बुख्याचा भनिन्छ । चराचुरुङ्गी वा अन्य वन्यजन्तुबाट खेती बचाउनका लागि काठमा पराल वा विभिन्न रङ्गका लुगाद्वारा यसको निर्माण गरिएको हुन्छ । यी बुख्याचाहरूमा न त गति नै हुन्छ, न त आवाज वा देख्नसक्ने क्षमता । तर, पनि यिनले चौबिसै घण्टा सातै दिन आफ्नो पहरा दिइरहन्छन्, अनवरत रूपमा ।

यिनले सयौँ वर्षदेखि आफ्नो उपादयता प्रमाणित गरी आएका छन् । अहिले पनि दूरदराजका खेतबारीमा यी बुख्याचाहरू उभिरहेको भेटिन्छ । तर अफसोस यिनको चर्चा हुन छोडेको छ । अहिले नेपालमा चतुर स्मार्ट बुख्याचाहरूको प्रादुर्भाव भएको छ, चर्चा यसैको छ । यसलाई कृत्रिम चेतनाका नामले पनि चिनिन्छ । यिनको आकार स्वरूप र क्षमता पनि थरीथरीका छन्- कुनै चुच्चे नाक भएका, कुनै निधारमाथि कपाल सर्लक्क कोरेका, कुनै ठूला-ठूला आँखा र पुक्क उठेको गाला भएका, कुनै बेलाबेला मुसुक्क मुस्काउने, कुनै नाँच्ने, कुनै हिड्ने आदि ।

अचम्म त यी आयातित होइनन्, नेपालमै बनेका हुन् । फरक यति मात्र हो कि यिनको प्रोग्रामिङ्ग भाषा भने विदेशीले लेखिदिएका छन् । यिनको आइक्यू र सूचना प्रेषित गर्ने कुशलता र क्षमता पनि गजबको छ । यी स्मार्ट बुख्याचाहरूलाई जुनसुकै विषयमा प्रश्न सोध्नुहोस् फ्याट्टै उत्तर दिइहाल्छन् । नेपालको त इतिवृतान्त थाहा छ । नेपालको राजनीतिको त कुरा नै भएन । प्रदर्शनीको उत्तर-पश्चिम पट्टिको कुनामा राखिएको गोलो अनुहार, पुक्क गाला भएको, गहुँगोरो, ठूलाठूला आँखा भएको बुख्याचालाई हेर्ने दर्शकहरूको निक्कै भीड छ । प्रश्न पूरा नहुँदै उत्तर दिइहाल्ने रहेछ । एक दर्शकले सोधे, 'ल भन त पृथ्वीनारायण शाह को हुन ?' शब्द भर्न नपाउँदै उसले भन्यो, 'ए त्यो नेपालका बाइसे चौबिसे राज्यमा आक्रमण गर्दै हिँड्ने फिरन्ते गोरखाली ?'

हैन, नेपालको एकीकरण गर्ने राजा को हुन् भनेको ?' 'ए त्यसो पो', बुख्याचा भन्छ, 'नेपाललाई एउटा इकाइका रूपमा स्थापित गर्ने राजा पृथ्वीनारायण शाह हुन् क्यारे ।' कसैले भन्यो, 'गजबको छ यो स्मार्ट बुख्याचा' । दर्शकले पुन: सोध्यो, 'कसको इकाइ ? दक्षिण उत्तर कता पट्टिको कित्ताको इकाइ ?' बुख्याचाले एकछिन गम खायो र भन्यो, 'राष्ट्रियता प्रजातन्त्र विकासको संरक्षण गर्ने गणतन्त्र स्थापना गर्न सघाउने कित्तामा पर्छ । यसो भने कसो होला ।'

आखिर बुख्याचाको प्रोग्रामिङ्ग भाषा त विदेशीले लेखेको नै ठहरियो । यो बुख्याचा माहिर छ अधिकारको कुरा गर्न, सुशासन र भ्रष्टाचाररहित राज्य सञ्चालनको कुरा गर्न, नेपाललाई विकसित राष्ट्रको हाराहारीमा केही दशकमा नै पुऱ्याउने गुड्डी हाँक्न । दर्शक दीर्घाबाट प्रश्न आयो, 'नेपालको विकास कसरी संभव हुन्छ ?' बुख्याचा भन्छ, 'विकास कत्रो कुरा भयो ? केही विकसित राष्ट्रहरूजस्तै दुई छिमेकी, नेपालमा सेना तैनात गर्न मन गर्ने विकसित मुलुक आदिलाई गुण लगाउने । यस कार्यमा भाँजो हाल्न भएन, राष्ट्रियताको नाममा । त्यसपछि त ती मुलुकहरूबाट एक दुई खरबका दरले सहयोग बटुल्ने अनि नेपाललाई एक दशकमा नै यूरोपजस्तै समृद्ध देश बनाउन सकिहालिन्छ नि ।' 'कसरी संभव हुन्छ ?', प्रतिप्रश्न दर्शकदीर्घाबाट आउँछ । हात हल्लाउँदै मुख मिठ्याउँदै बुख्याचा भन्छ, 'उनीहरूको स्वार्थ पूरा गरिदिए भहाल्छ नि ।' 'यसरी देशको स्वतन्त्र अस्तित्व कसरी रहन्छ ?', प्रश्न आउँछ । यसमा बुख्याचा भन्छ, 'धन्ना मान्नु पर्दैन, आजको विश्वव्यापीकरणको युगमा पनि सानो सीमाभित्र किन सीमित हुने ? विश्व नागरिक हुने, रोहिङगया, अफगानी, युक्रेनीजस्तो नि ।'

सबै दर्शकको ध्यान तान्न माहिर छ । यसको बजार मूल्य पनि चर्कै भएको बुझिन्छ । बुख्याचाको नाम- 'आकाशमणि' हो । अर्को कुनामा राखिएको लामो अनुहार, चुच्चो नाक र कपाल माथि सर्लक्क कोरिएको बुख्याचा हेर्न पनि मान्छेको भीड ठूलै छ । लेखिएको छ, 'कार्ल मार्क्स, चे ग्वेभारादेखि समकालीन नेपाली राजनीतिका विषयमा विशेष दख्खल राख्छ ।' मेरो अगाडि उभिएका दर्शकले सोधे, 'हाम्रोजस्तो गरिब देशको विकासको मूलमन्त्र के हो ?' बुख्याचा खिसिक्क हाँस्यो र नाके स्वरमा भन्यो, 'दलाल पूँजीवादको अन्त्य, लामो समयदेखि शोषण दमनमा परेका सीमान्तकृत जनताको मुक्ति, एक दलीय सर्वसत्तावादी जातीय शासन व्यवस्था ।'

'ए बा! के भन्छ ? यो त हाम्रै नेता जस्तो पो बोल्छ', मैले पनि प्रश्न गरिहालेँ, 'त्यसो भए नेपालको दश वर्षे जनयुद्धका विषयमा केही थाहा छ?' प्रश्न नसकिँदै बुख्याचाले भन्यो, 'किन थाहा नहुने ?', त्यसपछि उसले थप्यो, 'पहिले विदेशीको सहयोगमा जनयुद्धको सुरुवात अनि विदेशीकै इशारामा विसर्जन- बाह्रबुँदे सम्झौताका साथै ।'

फेरि मैले प्रश्न गरेँ, 'त्यसो भए बाह्रबुँदे शान्ति सम्झौताको सुत्राधार को हुन त ?'

बुख्याचा खिसिक्क हास्यो र भन्यो, 'यहाँ सबैको अगाडि नभनौँ कि ?'

'किन त्यसो भनेको ?' मैले प्रश्न गरेँ । उत्तरमा बुख्याचा खितित्त हास्दै भन्छ, 'यो कुरा त छिमेकी मुलुकका लब्धप्रतिष्ठित राजनेता, कुटनीतिज्ञ, प्रोफेसर साहेबहरूको किताबमा पढे भइहाल्छ नि । मेरै मुखले किन भन्नु पऱ्यो र ?'

यो बुख्याचाको नाम- 'दलवदल' हो ।

गोलो अनुहार ठूलो निधार सर्लक्क कपाल माथि कोरेको सानो कदको यो 'नक्कली कमरेड' नामको बुख्याचा छिनमै खितिक्क हाँसीदिन्छ त, छिनमै रोइदिन्छ । बेलाबखत कम्मर हल्लाएर नाची पनि दिन्छ । दर्शकहरूको ओइरो यतै छ । टाउको हल्लाइहल्लाइ चिच्याएर एकतारसँग भनिरहेको छ, 'साथी हो! जनताको मुक्तिका लागि अन्तिम जनयुद्ध आवश्यक छ । १० वर्षे जनयुद्धको उद्देश्य पूरा भएको छैन । अन्तिम निष्कर्षमा पुग्न अर्को लडाइँ लड्नु छ । सबै एकमत एकजुट भएर अगाडि बढ्ने दिन आएको छ । मेरा सहयात्रीले थाङ्नामा सुताइदिए । विलखबन्दमा परेको छु, धर्मसंकटमा परेको छु, कसको भोटोको फेरो समात्ने, दक्षिणको कि उत्तरको । उत्तरको फेरो समातूँ दक्षिणले मेरा सबै काला अराष्ट्रिय कर्तुतको पोल खोलीदिन्छ । दक्षिणको फेरो समातूँ उत्तरको फलामे छडी खाइन्छ । म त रनभुल्लमा परेको छु ।' त्यसपछि नक्कली कमर्ड सुक्कसुक्क रुन थाल्छ । दर्शकहरूको हाँसोले प्रदर्शनी हल गुञ्जायमान हुन्छ ।

'किन हास्नु भएको तपाईंहरू ? प्रधानमन्त्रीको कुर्सीमा बसेको कसैले देख्न सकेनन् । देशी विदेशीको षडयन्त्रका कारण कुर्सी छाड्न पऱ्यो । देशलाई उन्नत राष्ट्र बनाउने सपना पूरा गर्न एक पटक पुन: त्यो कुर्सीमा बस्नु परेको छ । बस्ने धित मरेको छैन । उदघाट्न र शिलान्यास कार्यक्रम भने जति अझै गर्न पाएको छैन ।' हुलबाट एकजना बैसाखी टेकेकी बडो टिठलाग्दो ख्याउटे अनुहारको अधवैंशे महिलाले भावुक हुँदै प्रश्न गरिन्, 'कमरेड हामी जनयुद्धमा शरीर अङ्गभङ्ग भएका वा जीवनको आहुति दिनेहरूको राम्रो दिन कहिले आउँछ होला ? कति दिन, महिना, वर्ष कुर्नु पर्ने हो ?' भावुक हुँदै आँखाभरि आँसु छचल्काउँदै बुख्याचा हातले निधारको कपाल माथि सार्दै भन्छ, 'तपाईंहरूको पीडाको समायोचित समाधान गर्न नसकेकोमा मलाई ग्लानी हुन्छ, मर्माहत हुन्छु । अगाडि पछाडि प्लिक प्लिक रातो बत्तीसहितको गाडीका बीच सेतो चिल्लो आरामदायी गाडी चढेर हिँड्दा पनि कसरी राज्यसत्ताको कुर्सी हत्ताउने र तपाईंहरूको घाउमा मलम लगाउने भन्ने चिन्तनमा मग्न हुन्छु । न त निद्रामा न त जागा हुँदा नै मनमा शान्ति हुन्छ । कहिलेकाहीँ त आत्महत्या गरूँ झैं लाग्छ ।' त्यसपछि सुक्कसुक्क रोएको आवाज निस्किन्छ र मौन भएर प्रश्नकर्तातिर एकोहोरो हेरिरहन्छ । दर्शकदीर्घामा मसाने शान्ति कायम हुन्छ ।

अर्कोतिर निधारमा रातो टिका लगाएको, तिलचामले जुँगा भएको अग्लो कदको 'मण्डले' नामको बुख्याचा औंला ठडाएर भनिरहेको थियो, 'साथी हो! यो देशमा राजाको अवसान भइसकेको छ । हिजो त्यही राजाको नाममा राजनीति गरेर नाम दाम कमाए पनि आजको सन्दर्भ फेरि एको छ । अब त्यो नारा बोक्ने दिन सकियो । हिजोका दिनमा गुण लगाउनेको ऋण तिर्ने दिन आएको छ । मलाई त आजकल 'कमरेड' भन्ने शब्द ज्यादै मन पर्न थालेको छ ।' दर्शकहरू एक अर्कामा कानेखुसी गर्छन्- 'कस्तो दुरुस्त बोलीसहितको प्रोग्रामिङ्ग भाषा लेखेको यो बुख्याचाको ।'

अर्को कुनातिर प्रोफेसर नामको मोटो-मोटो ड्याच्च परेको चश्माधारी बुख्याचा पनि धाराप्रवाह अग्रगमन र पश्चगमनको बारेमा आफ्नो बुज्रुकाइ छाँटिरहेको छ । एक जनाले भीडबाट प्रश्न गरे, 'होइन तपाईं आफूलाई सर्वज्ञाताजस्तो गरी प्रस्तुत गरिरहनुभएको छ, तपाईंको योग्यता के हो ?' अलिकति चिढिँदै उसले भन्यो, 'कस्तो बहुलठ्ठी प्रश्न ? पिएचडी गरेको प्रोफेसर हुँ, चानचुने ठान्नु भएको छ ? गणतन्त्रको स्थापनामा मजस्ता छिमेकी मुलुकबाट प्रशिक्षित र मान्यताप्राप्त बुद्धिजीवीको कत्रो योगदान छ ? बाहुनले च्याउ खाओस न स्वाद पाओस भनेजस्तो तपाईंहरूजस्ता मूर्खहरूलाई प्रजातन्त्रमा हाम्रो भूमिका र महत्वका विषयमा के ज्ञान होस् ?' प्रश्नकर्ताले हाँसिदै फेरि प्रश्न तेर्स्याए, 'भारतका तत्कालीन राजदूत, तत्कालीन भारतका परराष्ट्रमन्त्री लगायतका बुद्धिजीवीहरूले आ-आफ्नो प्रकाशित किताबमा त माओवादी जनयुद्ध, गणतन्त्र लगायतका परिवर्तनमा वहाहरूको निर्णायक भूमिका रहेको प्रष्टोक्ति पाइन्छ । यहाँनिर तपाईंजस्ता प्रोफेसरहरू उनीहरूको निर्देशनमा परिचालन भएको भन्दा गलत हुन्छ ?'

एकछिन रनथनियो बुख्याचा र भन्यो, 'समयको मागअनुसार विचार, व्यवहार र भावी दिशामा परिवर्तन हुने क्षमता भएकोले त मजस्ता दर्जनौं बुद्धिजीवीहरूको बोलबाला छ, नेपालमा । तपाईंजस्ता पाखेलाई यस विषयमा के ज्ञान होस, बिचरा ।' चिढिँदै प्रश्नकर्ता भन्छ, 'होइन कसलाई पाखे भनेको ?' उत्तरतिरबाट आएको गुञ्जायमान हाँसोसँगै सबै त्यतातिर लागे । कपाल फुलेको, चश्मा लगाएको, कुर्ता धोतीमा सजिएको बुख्याचा भन्दै थियो, 'हामी धर्तीपुत्रका कारण यो देशको सार्वभौमिकता, स्वतन्त्रता र अभिभाज्यताको सुनिश्चितता भएको हो । भलै नागरिकता ट्यान्टरम्यान्टुर गरेर प्राप्त गरेको भए पनि । नपत्याए हेर्नुस् मैले पहाडमूलकी महिलासँग विवाह गरेको छु, काठमाडौंमा आलिसान घर बनाएको छु ।

मन्त्री पटक-पटक हुँदा उद्योगधन्दा व्यापारमा सबैले बाँडीचुँडी खाने संस्कृतिको विकास गरेको छु । तपाईंहरू यसलाई भ्रष्टाचार भन्नु हुन्छ, त्यो गलत हो । यो संस्कृतिले हामीजस्ता सर्वहारा र हाम्रा आसेपासे कार्यकर्ता लगायतमा समानुपातिक आयको वितरण हुने प्रणाली स्थापना गरेका छौँ । मधेश आन्दोलनद्वारा गणतन्त्रको श्रीगणेश भएको छ । पिछडिएका गरिब उपेक्षितले आरक्षण र समानुपातिकको माध्यमद्वारा राज्य सञ्चालनको माथिल्लोदेखि तल्लो तहसम्म सहभागी हुने अवसर पाएका छन् ।

भलै उनीहरू श्रीमती, गर्लफ्रेण्ड, साली-साला, काका-काकी, सासू-ससुरा, लगानीकर्ता वा त्यस्तै-त्यस्तै छन् । राजनैतिक कार्यकर्ताहरूले जागिर पाउने व्यवस्था स्थापना गरेका छौँ । लोकसेवा आयोगको जाँचको लण्ठाबाट पार हुने प्रणाली स्थापना गरेका छौँ । हिजो सीमापारीबाट आई बसोबास गरेकाहरूलाई सहजतापूर्वक नागरिक बनाएका छौँ । समय अनुसार परिवर्तन हुने, दल फेर्ने वा नयाँ दल बनाउने प्रगतिशील नेतृत्वको विकास हामीले गरेका छौँ । हाम्रै कारणले नेपालका प्रजातन्त्रवादी वा वामपन्थी भन्ने दलका नेताहरूलाई पटक-पटक प्रधानमन्त्री बनाएका छौँ । तपाईं नै भन्नुस् हिजोका जनयुद्धका शीर्षनेता हामीसँग जोडिएका छन्, हाम्रो वस्तुनिष्ठ, व्यावहारिक कार्यनीतिका कारण । त्यसैले ती प्रतिगामी हुन् जसले हामीलाई अराष्ट्रियको संज्ञा दिने गर्छन् ।'

कटु सत्य हो, आज उल्लेखित केही नमूना बुख्याचा प्रकृतिका राजनैतिक नेताहरूको चंगुलमा परेको छ- हाम्रो देश । प्रेम र युद्धमा जे पनि जायज हुन्छ भने झैं राज्यसत्ताको कुर्सीका लागि जस्तोसुकै साँठगाठ गरे हुन्छ भन्ने जमातहरूको नेपाली राजनीतिमा हालीमुली छ । सिद्धान्त, निष्ठा, सेवाभावको अनिकाल परेको छ । जसरी भए पनि राज्यशक्तिको बागडोर सम्हाल्ने हिजोको संस्कृति आज पनि त्यति नै प्रगाढ छ । र, त्यसका लागि जोसँग हात मिलाउने वा लम्पसार पर्ने विषय आजको नेपाली राजनीतिको एउटा प्रमुख आधार बनेको छ ।

आगामी चुनावको परिणाम जे भए पनि पुन: छ-छ महिने आलोपालो मन्त्रीमण्डलको निरन्तरता हुने छ । प्रदेश र केन्द्रका आठ सय भन्दा बढी माननीय सदस्यहरू आउने पाँच वर्षमा क्रमश: मन्त्री बन्ने छन्, राज्यलाई जनताले पुगीनपुगी तिरेको करको उपभोग गर्नेछन् । अर्थतन्त्रका आधारहरू विशेषत: करका दरहरूको निर्माणमा सबै सिसिटिभी बन्द गरेर भए पनि सहमतिमा गरिने छन् । संसदमा प्रश्न उठ्ने छ, अर्थमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिने छन्, छानविन समितिले चोख्याउने छ । फेरि नैतिकताका आधारमा त्यही पदमा पुन: नियुक्त भई आफ्नो जिम्मेवारी सम्हाल्ने छन् ।

नकच्चराहरूको हालीमूली हुनेछ । भ्रष्टाचार सदाचारमा परिणत हुनेछ । बुख्याचा बुद्धिजीवीहरू अग्रगमनको गुणगान गर्न र ओरालो लागेको अर्थतन्त्रको टिप्पणीलाई आधारहीन प्रतिगामी भनेर जनमानसलाई ढाढस दिन कुनै कसर छोड्ने छैनन् । यिनै बुख्याचाहरूको हालीमुली रहिरहने छ । तर, उल्लेखित उराठ लाग्ने चित्रणमा परिवर्तन गर्ने संभावना पनि त्यति नै प्रचुर छ । अहिले ज-जसले भैरहेका गलत तथा गैरजिम्मेवारी कार्यहरूको विरोध गरिरहेका छन् । ती सबैले एकजुट तथा एकमत भएर चुनावमा कुचोले फोहोर बढारे झैं यिनलाई बढार्न सक्नु पर्छ, बढार्न सकिन्छ पनि । तर त्यसको लागि हातेमालो र सर्वसाधारणमा चेतनाको जागरण आवश्यक छ ।

आजदेखि नै बुख्याचाहरूको जगजगीको अन्त्य गर्ने अभियानमा लागौँ, मन्त्री सांसद नभएका इमान्दारलाई राज्यसत्ताको साँचो बुझाउने संकल्प गरौँ । राज्यको एक वा अर्को रूपमा दोहन गर्ने सम्पूर्ण बुख्याचाहरूलाई सदाका लागि नेपालको राजनीतिबाट च्यूत गर्न आगामी चुनावमा हराउने प्रण गरौँ । र भोलीको समृद्ध, शान्त नेपालको कल्पनालाई साकार बनाऔँ । -साभार: देशसञ्चार

# बाढीपहिरोको बढ्दो जोखिम र बच्ने उपाय



✍ रन्जिता गिरी पोख्रेल



हाम्रो देशमा लगभग ६ हजार खोलानाला र ८ सय ६६ जति पहाडहरू अवस्थित छन् । त्यसैले हाम्रो देश नेपाललाई विश्वको जलस्रोतको दोस्रो धनी देशका रूपमा चिनिन्छ भने यहाँ अवस्थित हिमाल, पहाड, प्राकृतिक सम्पदा र यहाँको सौन्दर्यताको बयान जति नै गरे पनि कम होला । त्यसैले यहाँका मनमोहक दृश्यहरूको अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गर्छन् । तर, बर्खायाममा यही सौन्दर्यता र खोलामा आएको बाढीपहिरोको डरलाग्दो स्वरूप देख्दा जोकोहीको आङ नै सिरिङ्ग हुन्छ ।

हरेक वर्ष बर्सातको समयमा बाढी, पहिरो र डुबानका कारण ठूलै मात्रामा जनधनको क्षति हुनुका साथै जनजीवन अस्तव्यस्त बनाउने गर्छ । विशेष गरी नदीतटीय क्षेत्रका बासिन्दाको जनजीवन कष्टकर बन्ने गरेको छ । बाढीले तराईका सयौँ घर डुबानमा पार्छ भने पहाडी क्षेत्रमा पहिरोका कारण धेरैले ज्यान गुमाउने र बेपत्ता हुने गर्छन् । हामीलाई अरूको पीडा देख्दा त मन यति धेरै विह्वल हुन्छ भने जसले यस्तो पीडा भोग्नुपरेको छ उहाँहरूलाई कस्तो हुन्छ होला भनेर हामी अनुमान पनि लगाउन सक्दैनौं । कैयौं मानिस घरबारविहीन हुने गर्छन् । आफ्नै अगाडि सर्वस्व गुमाउँदा पनि सहनेबाहेक अरू विकल्प केही हुँदैन । यदि भाग्यवश बाँचिहाल्यौं भने पनि आफ्नो दैनिकी कसरी टार्ने भन्ने पिरलो हुन्छ । त्यसैले जबसम्म मनसुन अर्थात् पानी पर्न कम हुँदैन तबसम्म यस्ता समस्याहरू आइराख्छन् । यति बेला सान्त्वना दिनेभन्दा पनि अगाडि आएर सहयोगी हात बढाउने मानिसहरूको आवश्यकता पर्छ । त्यसैले सरकारले यस्ता विस्थापित परिवार तथा सदस्यहरूलाई समयमा नै पुनर्स्थापित गर्नुपर्छ ।

यस्तो जोखिमको व्यवस्थापन र विस्थापनमा सरकारी पहलको मुख्य भूमिका हुनुपर्छ । तर, सरकारले बनाएको योजनाको फितलो कार्यान्वयन, कमजोर विकासका पूर्वाधार र सूचना प्रणालीका कारण जनताले सास्ती खेप्नुका साथै वर्षेपिच्छे मानवीय र भौतिक क्षति बेहोर्नुपरिराखेको छ । यस्ता प्राकृतिक प्रकोपलाई रोक्न नसकिए पनि यस्ता जोखिमहरूबाट जोगिन भने अवश्य सकिन्छ । त्यसैले नदीतटीय क्षेत्रमा बसोबास गर्न हुन्न । समय-समयमा बाढी पूर्वानुमान शाखाको नम्बरमा फोन गरेर मौसमी गतिविधिको अपडेट लिई सतर्कता अपनाउनुपर्छ । सम्भव भएसम्म त्यस्ता सूचना नियमित हेर्ने र सुन्ने गर्नुपर्छ । साथै, आफूले पाएको सूचनाको प्रभावकारी रूपमा प्रवाह गर्नुपर्छ ।

पहिरोले घर बगाउँदा भौतिकसँगै मानवीय क्षति पनि हुने भएकाले चौबीसै घण्टा पानी परिरहँदा सकेसम्म घरभित्र बस्नु हुँदैन र जाग्राम बस्ने गर्नुपर्छ । पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने सम्भावना धेरै हुँदा त्यस्ता ठाउँको पहिचान गरी सतर्कता अपनाई त्यहाँ आवातजावत कम गर्नुपर्छ । गाउँमा बाढी आएको समयमा होचो भूभागमा जानु हुँदैन । पहाडका धेरै स्थानमा प्राय:जसो रातिको समयमा पहिरो जाने हुँदा घरमा बस्दा परिवारका सदस्य समूहमा बस्नुपर्छ । घरहरू भत्किएर जनधनको क्षति हुने सम्भावना भएकाले घरबाहिर निस्किएर बस्नुपर्छ । सकभर विपत्को बेलामा समूहमा बस्दा एकअर्कालाई सहयोग गर्न सजिलो हुन्छ । सम्भव भएसम्म सञ्चारमाध्यम र सूचना प्रवाह गर्ने निकायसँग नियमित सम्पर्कमा बस्नुपर्छ, जसले उद्धार तथा राहत वितरणमा सहज हुन्छ ।

विपद्को समयमा सबै एकजुट भई समस्याको समाधानतर्फ लाग्नुपर्छ, जुन एकदमै अत्यावश्यक छ । साथै ठाउँ-ठाउँमा सुरक्षित स्थान निर्माण गरिनुपर्छ, जहाँ खाद्यान्न, सफा पानी र बसोबासको पर्याप्त सुविधा गरिएको हुनुपर्छ, राज्यको सबै संरचना उत्तिकै सबल भइदिएको भए जनधनको क्षति निकै कम हुने थियो होला, तर ठाउँठाउँमा हुने चुहावटलाई आखिर कसले रोक्न सक्छ र ? -साभार: कारोबारडेली

# कहाँबाट चुनाव उठ्दैछन् कमल थापा ?



हेटौंडा, २४ साउन/ सरकारले आगामी मंसिर ४ गते मतदान हुने गरी प्रतिनिधि र प्रदेशसभाको चुनावको मिति घोषणा गरिसकेको छ ।

चुनावको मिति घोषणा भएसँगै दलहरु आन्तरिक तयारीमा जुटिसकेका छन् । दलहरु आ-आफ्ना संगठन र चुनावी गतिविधिहरुलाई तीव्रता दिँदै आन्तरिक मत लेखाजोखामा व्यस्त देखिन्छन् । चुनावको मिति नजिकिएसँगै मकवानपुरमा पनि राजनीतिक चहलपहल सुरु भएको छ ।

दल र दलमा आवद्ध नेताहरुले आ-आफ्नो तयारी अनुसार चुनावी क्षेत्रमा माग दाबी तथा उम्मेदवारी घोषणा गर्ने क्रम बढ्दो छ । यसैबीच मकवानपुरको निर्वाचन क्षेत्र नम्बर-१ मा आगामी आमनिर्वाचन रोचक हुने देखिन्छ । एकातर्फ नेकपा एमाले र अर्कोतर्फ ५ दलीय सत्ता गठबन्धनका उम्मेदवारबीच भिडन्त हुने आकलन गरिरहँदा सो क्षेत्रमा राप्रपा र राप्रपा नेपाल पनि मैदानमा उत्रिने तयारीमा छन् ।

मकवानपुर-१ मा एमालेबाट कृष्णप्रसाद दाहाल, मदन दाहाल र रघुनाथ खुलालको चर्चा छ भने काँग्रेसबाट इन्द्रबहादुर बानियाँ दाबेदार रहेको बताइएको छ । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीमा भने सो क्षेत्रमा खासै चर्चा भएको छैन । मकवानपुरको क्षेत्र नम्बर १ मा हेटौंडा उपमहानगरपालिकाको १९ वडामध्ये १५ वटा वडा पर्छन् भने बकैया गाउँपालिका, बागमती गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको ४ वटा वडा पर्दछन् ।

**कमल थापालाई राप्रपाले चुनौती दिने**

यस क्षेत्रबाट राप्रपा नेपालका अध्यक्ष कमल थापा पनि उम्मेदवार बन्ने तयारीमा छन् । तर उनलाई राप्रपाका केन्द्रीय सदस्य दिपक बहादुर सिंह चुनौती बन्ने देखिन्छन् । दुवै नेताको निर्वाचन क्षेत्र मकवानपुर-१ नै हो । थापा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-६ का मतदाता हुन् भने सिंह हेटौंडा-४ बाट मतदाता छन् ।

४० वर्षभन्दा बढी समय एउटै पार्टीमा रहेर सक्रिय राजनीति गरेका उनीहरु आगामी निर्वाचनमा एक अर्काका प्रतिस्पर्धीका रुपमा देखिने भएका छन् । राप्रपाको महाधिवेशनमा राजेन्द्र लिङ्देनसँग पराजित भएपछि थापाले राप्रपा नेपाल गठन गरेका थिए ।

थापाले सोही पार्टीको 'तीर' चुनाव चिन्हबाट मकवानपुर-१ मा उम्मेदवार भएर निर्वाचनमा जाने घोषणा गरिसकेका छन् । यता, सिंह भने राप्रपाको 'हलो' चिन्ह बोकेर चुनावको तयारीमा जुटेका छन् । गत स्थानीय निर्वाचनमा हेटौंडा उपमहानगरपालिकाको मेयर पदमा गठबन्धन र एमालेका उम्मेदवारलाई हम्मेहम्मे बनाएका सिंह पराजित भएका थिए । सो निर्वाचनमा पराजित भए पनि उनी सो क्षेत्रमा राप्रपाको एक मात्र प्रभावशाली नेताका रुपमा चिनिन्छन् । सोही अनुसार उनी संघीय निर्वाचनको तयारीमा जुटेका हुन् । सिंह पहिलो पटक प्रतिनिधिसभा निर्वाचनको उम्मेदवार बन्दै छन् ।

२०५१ को प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरको-१ बाट विजयी भएका थापा त्यस यता प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित हुन सकेका छैनन् । उनी २०६४ को संविधानसभा निर्वाचनमा नेपाली माओवादी केन्द्रका प्रल्हाद लामिछानेसँग सोही क्षेत्र (तत्कालीन मकवानपुर-३) बाट पराजित भएका थिए भने २०७४ को निर्वाचनमा कांग्रेसकै सहयोगमा उनी सो क्षेत्रबाट उम्मेदवार बनेका थिए । तत्कालीन समयमा एमाले र माओवादी केन्द्रको एलाइन्सविरुद्ध कांग्रेस, राप्रपा नेपाल र बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति नेपालबीच गठबन्धन बनेको थियो ।

उनलाई सो क्षेत्र दिँदा कांग्रेसका इन्द्रबहादुर बानियाँले र नयाँ शक्ति नेपालका प्रल्हाद लामिछानेले टिकट गुमाउनु परेको थियो । सो क्षेत्रमा टिकट गुमाएपछि बानियाँ मकवानपुर-२ को (ख)बाट प्रदेश सांसद निर्वाचित भएका थिए भने प्रल्हाद लामिछानेले पार्टी छोडेका थिए । सो निर्वाचनमा काँग्रेससँगको तालमेलमा निर्वाचन लडेका थापालाई एमालेका कृष्णप्रसाद दाहालले पराजित गरेका थिए ।

**थापालाई एमालेको आश**

आगामी निर्वाचनमा राप्रपा नेपालका अध्यक्ष कमल थापाले नेकपा एमालेसँग चुनावी तालमेल गर्ने अपेक्षा राखेका छन् । एक्लै निर्वाचनमा जित्ने सम्भावना नभएपछि उनी एमालेसँगको तालमेल गर्ने सोचमा छन् ।

एमालेसँग तालमेल गरेर मकवानपुर-१ मा आफू उम्मेदवार हुने र देशका अन्य स्थानमा एमालेलाई सघाउने थापाको योजना छ । सोही योजना अनुसार अध्यक्ष थापाले गत स्थानीय तहको निर्वाचनमा आफ्ना उम्मेदवार उठाएका थिएनन् । उनले एमालेसँग तालमेल गरे पनि आफ्ना उम्मेदवार नउठाएर एमालेका उम्मेदवारलाई सघाउने भन्दै विज्ञप्ति नै जारी गरेका थिए । मकवानपुरमा अझैपनि आफ्नो प्रभाव राम्रो रहेको र तत्कालीन राप्रपाको परम्परागत भोटमध्ये अधिकांश मत आफूलाई आउने दावीसहित उनले एमालेसँग तालमेलको प्रस्तावमाथि छलफल हुने बताउँदै आएका छन् । (-रातोपाटीबाट)

## खैरोहिरोइनसहित एकजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ जिल्ला प्रहरी कार्यालय मवकानपुरले प्रतिबन्धित लागुऔषध खैरोहिरोइनसहित एक जनालाई पक्राउ गरेको छ ।

हेटौंडा-११, स्थित सडकमा सोमबार बागमती प्रदेश ०३-००५ प २८३३ नम्बरको मोटर साइकलसहित हेटौंडा-१ का २५ वर्षीय सन्तोष पाण्डेलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पाण्डेमाथि शंका लागेपछि उनी सवार मोटरसाइकल रोकेर प्रहरीले जाँच गर्दा लागुऔषध फेला परेको थियो । पाण्डेको साथबाट ३ सय ८० मिलि ग्राम खैरोहिरोइन फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# मकवानपुरमा आठ हजार ६ सय नयाँ मतदाता




हेटौंडा, २४ साउन (रासस)/ आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुर जिल्लामा आठ हजार ६ सय ४३ नयाँ मतदाता दर्ता भएको प्रदेश निर्वाचन कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ ।

आयोगले असारबाट सुरु गरेको मतदाता नामावली संकलन कार्यअन्तर्गत मकवानपुरमा चार हजार पाँच सय १७ पुरुष तथा चार हजार एक सय २६ महिला गरी कूल आठ हजार छ सय ४३ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको सो कार्यालयबाट जानकरी प्राप्त भएको छ ।

गत साउन १९ गते सरकारले आगामी मंसिर ४ गते प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा गरेपछि साउन २० गतेबाट मतदाता नामावली संकलन कार्य बन्द भएको बताइएको छ ।

मकवानपुरमा निर्वाचन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा गरी दुई स्थानमा बेग्लाबेग्लै मतदाता नामावली संकलन भएको थियो । निर्वाचन कार्यालयमा तीन हजार चार सय ३२ पुरुष र तीन हजार ९८ महिला गरी कूल छ हजार पाँच सय २१ ले मतदाता नामावलीमा दर्ता गराएको थिए । जिल्ला प्रशासन कार्यालयमा नौ सय २१ महिला तथा नौ सय १९ पुरुष गरी एक हजार आठ सय ५० जनाले मतदाता नामावलीमा दर्ता गराएको बताइएको छ ।

सो अवधिमा एक हजार दुई सय ८७ जनाले मतदाता नामावलीमा नाम सच्याउने र मतदान केन्द्र परिवर्तन गरेको बताइएको छ । मतदाता परिचयपत्र त्रुटि सच्याउनेको संख्या एक सय थियो । बाहिरी जिल्लामा तीन सय ४३ जनाले मतदाता नामावली सारेको सो कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख लुम्वनाथ अधिकारीबाट प्राप्त विवरणअनुसार मकवानपुरमा हाल एक लाख ५६ हजार छ सय ४९ पुरुष तथा एक लाख ५० हजार एक सय ६२ महिला र पाँच अन्य गरी तीन लाख छ हजार आठ सय १६ जनाको नाम मतदाता नामावलीमा दर्ता भएको जनाइएको छ । जिल्लामा मतदानस्थल एक सय ६५ तथा मतदान केन्द्र तीन सय ५६ रहेको सो कार्यालयले जनाएको छ ।

# विद्युतीय चुलोको प्रवर्द्धन गर्नुपर्नेमा जोड



काठमाडौँ, २४ साउन (रासस)/ विद्युत् खपत बढाउन, स्वच्छ भान्छामा खाना पकाउन, वातावरणीय स्वच्छता कायम राख्न, महिलामाथिको कार्यबोझ कम गर्न र आयातित एलपी ग्यासको निर्भरता कम गर्न विद्युतीय चुलोको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको समन्वयमा जिआइजेड/इन्डेभले मंगलबार आयोजना गरेको नेपालमा विद्युतीय चुलोको प्रवर्द्धन: भूमिका, उत्तरदायित्व, अवसर र अवधारणा विषयक कार्यशालाका सहभागीले मुलुक विस्तारै विद्युतीय ऊर्जामा आत्मनिर्भर हुन गइरहेको सन्दर्भमा विद्युतीय चुलाको प्रयोगलाई बढाउँदै लैजानुपर्ने र यसका लागि तीनै तहका सरकार, निजी क्षेत्र र सहयोगी दातृ संस्थाले उपयुक्त नीति, कार्यक्रम र योजना तर्जुमा गर्नुपर्ने आवश्यकता औँल्याएका थिए ।

कार्यशालामा पूर्व जलस्रोत मन्त्री दीपक ज्ञवालीले स्वदेशी विद्युत् खपत बढाउन विद्युतीय चुलोको प्रयोगसँगै रोप-वेजस्ता प्रविधिहरूको प्रवर्द्धन गर्न सकिएमा आयातीति इन्धनको निर्भरता कम गर्न सकिने र यसले राष्ट्रिय अर्थतन्त्रमा बल पुग्ने विश्वास व्यक्त गरे । उनले ग्रामीण क्षेत्रमा निर्माण गरिएका लघुजलविद्युत् आयोजना, वायोग्यासजस्ता प्रविधिको दिगो सञ्चालनबाट स्वच्छ भान्छाको अभियान सफल हुने बताउँदैआम जनतादेखि नीतिनिर्माण गर्ने तहसम्म व्यवहार, प्रविधि र व्यवस्थापनमा नवीनता ल्याउन जरुरत रहेको उल्लेख गरे ।

सो अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधुप्रसाद भेटवाल, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक कार्यकारी निर्देशक नवराज ढकाल, नेपाल विद्युत् प्राधिकरणका सञ्चालक सदस्य कपिल आचार्य, वातावरणविद् भुषण तुलाधर र ऊर्जाविद् डा इन्दिरा शाक्यले पनि नेपालको आर्थिक समृद्धि र जनताका जीवनस्तरमा सुधार ल्याउन विद्युतीय चुलोको प्रवर्द्धन गर्नुको विकल्प नभएको तर्क गरे ।

कार्यक्रममा अजम्बरी फाउण्डेशनका सुवर्ण कपालीले आयातित ग्यासलाई न्यूनीकरण गरी स्वदेशमै उत्पादन भएको विद्युत्को खपत बढाउने उद्देश्यले २०७५ सालदेखि विद्युतीय चुलो राष्ट्रिय अभियानको कार्यान्वयन र यसका सिकाइहरूका बारेमा तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक डा. रणबहादुर थापाले विद्युतीय चुलोको कार्यान्वयन र प्रवर्द्धनका लागि सरकारले लिएका रणनीति र योजनाको बारेमा प्रस्तुतिकरण दिएको थियो ।

# 'प्रत्यक्षतर्फ ५० प्रतिशत महिला उम्मेदवारी हुनुपर्छ'

काठमाडौँ, २४ साउन (रासस)/ सांसदहरूले आगामी प्रदेश तथा संघीय निर्वाचनमा प्रत्यक्षतर्फ ५० प्रतिशत महिला उम्मेदवारीको सुनिश्चितता हुनुपर्नेमा जोड दिएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रस्तुत भएको आगामी निर्वाचनमा समानुपातिक समावेशी सहभागिताको सुनिश्चितता गराउने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा बोल्दै उनहरूले संविधानले सम्बोधन गरेको समानुपातिक समावेशी सहभागिताको सुनिश्चितता हुनुपर्ने बताए ।

सांसद लक्ष्मी परियारले संविधानले व्यवस्था गरेको राज्यका हरेक निकायमा महिलालाई समानुपातिक समावेशी सहभागितालाई व्यावहारिक कार्यान्वयन गराउन निर्वाचनका दुवै प्रणालीमा ५० प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने धारणा राखे । उनले प्रत्यक्ष निर्वाचन र समानुपातिक निर्वाचन प्रणालीमा महिला र पुरुष दुवैको समान प्रतिनिधित्व हुनुपर्नेमा जोड दिए । सांसद लक्ष्मीकुमारी चौधरीले आगामी प्रदेश तथा संघीय निर्वाचनमा समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्दै प्रत्यक्षतर्फ महिलाको सहभागिता बढाउन ध्यानाकर्षण गराए ।

सांसद चन्दा चौधरीले राजनीतिक दलले विभिन्न निर्वाचनमा महिलाको कम प्रतिनिधित्व गराउने गरेको बताउँदै अब हुने निर्वाचनमा प्रत्यक्षतर्फ कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गराउन माग गरे ।

सांसद रेखा शर्माले संविधानमा महिला सहभागिताको बाध्यकारी व्यवस्था हुँदाहुँदै पनि व्यवहारमा कार्यान्वयनका लागि दलहरू उदासीन रहेको बताए । सांसद रङ्गमती शाहीले महिला समावेशिताको मुद्दामा राजनीतिक दलहरूको व्यवहार विभेदकारी देखिएको बताए ।

सांसदहरू विनादेवी बुढाथोकी, लीलादेवी सिटौला, यशोदा गुरुङ सुवेदी, रेणुका गुरुङ, प्रमिला राई र पार्वतीकुमारी बिसङ्खेले आगामी निर्वाचनमा महिला र पुरुषलाई समान सहभागिता गराइनुपर्नेमा जोड दिए । उक्त प्रस्तावमाथि अहिले छलफल जारी रहेको छ ।

## टान निर्वाचनमा नयाँ समीकरण

काठमाडौँ, २४ साउन (रासस)/ पर्वतीय पर्यटन व्यवसायीहरूको छाता संगठन ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)को निर्वाचनमा अध्यक्षका प्रतिस्पर्धी निलहरि बाँस्तोलाका नेतृत्वमा नयाँ समीकरण बनेको छ ।

निर्वाचनमा नेपाली कांग्रेस समर्थित पर्यटन व्यवसायी बाँस्तोलाको नेतृत्वमा नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी) समर्थित पर्यटन व्यवसायी सहकार्य गर्न तयार भएका हुन् ।

कांग्रेस निकट व्यवसायीहरूको संगठन नेपाल पर्यटन व्यवसायी संघ (निट) र एमाले निकट नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठनबीच सहकार्य गरेर निर्वाचनमा जाने सहमति भएको हो । टानको नयाँ नेतृत्व चयनका लागि हुने निर्वाचनमा दुवै संगठन सहकार्य गरेर जाने सहमति भएको निटका अध्यक्ष दीपक महतले जानकारी दिए । यस्तै बाँस्तोला नेतृत्वमा एकीकृत समाजवादी निकट पर्यटन व्यवसायी संगठनले पनि सहकार्य गर्ने जनाइएको छ ।

अध्यक्ष महतले टान नेतृत्व चयनका लागि तीन संगठनबीच सहकार्य गरेर जाने समझदारी बनेको जनाउँदै नेकपा (माओवादी केन्द्र) निकट पर्यटन व्यवसायी संगठनलाई पनि राष्ट्रिय सहमतिका साथ सहकार्य गरेर जान आह्वान गरिएको बताए । उनले निर्वाचनमा सहकार्य गर्ने निर्णय भए पनि अध्यक्षबाहेकका अन्य पदाधिकारी र सदस्यमा पद बाँडफाँटको पहल भइरहेको उल्लेख गरे ।

# बाल उद्यान पार्कमा वृक्षरोपण



साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ प्रदेश युवा परिषद्को आयोजनामा हेटौंडामा अन्तराष्ट्रिय युवा दिवसको अवसर पारेर वृक्षरोपण कार्यक्रम भएको छ ।

हेटौंडा उपमहानगर पालिका-९ दिव्य बाल उद्यान पार्कमा मंगलबार विभिन्न जातका विरुवा रोपिएको हो ।

युवा परिषद्ले दिवसका अवसरका सप्ताहव्यापी कार्यक्रमअन्तर्गत फलफूल र अरु जातका बिरुवा रोपेको छ । रक्तचन्दनको विरुवा रोपेर बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न प्रसाद ढकालले वृक्षरोपण कार्यक्रमको उद्घाटन गरेका छन् । प्रदेश युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले अन्तराष्ट्रिय युवा दिवस भव्य रुपमा मनाउने सन्दर्भमा पहिलो दिन वृक्षरोपण गरिएको बताए ।

कार्यक्रममा हेटौंडा-९ का वडा अध्यक्ष सुकराम केसी, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष आरती पाठक, गैरसरकारी संस्था महासंघ मकवानपुरका उपाध्यक्ष रमिला सापकोटालगायतकाको आतिथ्यता थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत



चितवन, २४ साउन (रासस)/ बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत दिइने भएको छ । बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका कुखुरा एवं अन्य बस्तुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ ले गत वर्ष प्रभावित किसानले राहत नपाउने भएपछि यस पटक मन्त्रिपरिषद्मा निर्णय गरी राहत दिन लागिएको हो ।

मापदण्ड पारित भएपछि मात्र लागू हुने भएकाले यस अघिका प्रभावित किसानको तथ्याङ्क संकलन गरी यस पटकका लागि मन्त्रिपरिषद्मा लैजाने तयारी गरिएको हो । पशुसेवा विभागका सूचना अधिकारी चन्द्र ढकालका अनुसार देशभरका १६ जिल्लामा बर्डफ्लुको प्रभाव देखिएको छ ।

ती जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन भएको समितिले दररेट निर्धारण गर्ने छ । चार जिल्ला बाहेक अन्य जिल्लाबाट क्षतिको विवरण विभागमा पुगिसकेको ढकालले बताए। बाँकी ती जिल्लामा छिटो गर्न ताकेता गरिएको छ । बाँकी जिल्लाबाट विवरण आएसँगै विभागले कृषि तथा पशुपक्षी विकास मन्त्रालय फाइल पठाउने छ ।

ढकालले भने, "हामी सकेसम्म साउनमानै मन्त्रिपरिषद्मा फाइल लगेर राहत दिने गरी तयारीमा जुटेका छौँ ।" आवश्यक कागजात तयार भएकाले चार जिल्लाको क्षतिपूर्तिको विवरण आएसँगै मन्त्रिपरिषद्मा पठाउने तयारी गरिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले 'बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत दिनेसम्बन्धी मापदण्ड-०७९' पारित भएसँगै किसानलाई क्षतिको ७५ प्रतिशत राहत रकम उपलब्ध गराउने बाटो खुलेको हो । बर्डफ्लु देखिएपछि नियन्त्रणका क्रममा पक्षी, पक्षीजन्य पदार्थ र पक्षी उत्पादन सामग्री नष्ट गर्ने गरिन्छ । बर्डफ्लु नियन्त्रण नियमावली २०७८ मा राहतसम्बन्धी व्यवस्था उल्लेख भए पनि मापदण्ड स्वीकृत नहुँदा कार्यान्वयन हुन ढिलाइ भएको थियो । क्षतिको रकम निर्धारण गरी त्यसको ७५ प्रतिशत रकम राहत उपलब्ध गराउने व्यवस्था मापदण्डमा गरिएको छ ।

मापदण्डमा दररेट निर्धारण समितिले प्रत्येक आर्थिक वर्षको साउनभित्र प्रचलित बजार मूल्यका आधारमा मूल्य निर्धारण गर्ने व्यवस्था उल्लेख छ । मापदण्ड बनेसँगै क्षतिपूर्ति निर्धारण गर्ने बाटो खुलेको हो । गत वर्षको माघ ११ गते मोरङ्को ग्रामथान गाउँपालिकामा पहिलो पटक बर्डफ्लु देखिएको थियो । ढकालका अनुसार चितवन र काठमाडौँ बर्डफ्लूबाट बढी प्रभावित बनेको छ ।

बर्डफ्लुबाट ६५ करोड हाराहारीको क्षति भएको अनुमान गरिएको छ । सरकारले ७५ प्रतिशत क्षतिको रकम दिँदै गर्दा ५० करोड भन्दामाथि रकम आवश्यक पर्ने अनुमान रहेको छ । बाँकी चार जिल्लाको विवरण आएसँगै वास्तविक तथ्याङ्क आउने ढकालले बताए ।

क्षतिपूर्तीका लागि सहमतिसहित थप रकम व्यवस्था गर्न मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजान लागेको हो । मापदण्ड पारित भएपछि अब भने बर्डफ्लुबाट भएका क्षतिको राहत उपलव्ध गराउन सहज हुने छ । बर्डफ्लुबाट कुखुरा मारिएको लामो समयसम्म राहत नपाउँदा किसानका खोर खाली रहेका छन् । बैंकबाट ऋण लिएर सञ्चालन भएका व्यवसायी थप प्रभावित बनेका छन् ।

# सूचना आयोगद्वारा ३३ कार्यालय प्रमुखमाथि कारबाही

काठमाडौँ, २४ साउन (रासस)/ राष्ट्रिय सूचना आयोगले सूचना नदिने ३३ कार्यालय प्रमुखलाई कारबाही गरेको छ । आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६५ को दफा ३२ बमोजिम सूचना नदिने, आंशिक सूचना दिने तथा सूचनाको हक कार्यान्वयन नगर्ने कार्यालय प्रमुखलाई कारबाही गरेको हो ।

विसं २०६५ सालमा स्थापना भएको आयोगले हालसम्म ३३ कार्यालय प्रमुखमाथि कारबाही गरिसकेको सूचना आयुक्त रत्नप्रसाद मैनालीले बताए। सूचना नदिएर कारबाहीमा पर्नेमा सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयका विभिन्न विभागमा कार्यरत कार्यालय प्रमुख छन् ।

हालसम्म सूचना नदिने तथा आंशिक सूचना दिने त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक सात, त्रिवि शिक्षा सेवा आयोगका अध्यक्ष चार, त्रिविको शिक्षाध्यक्ष एक, स्थानीय तहका कार्यालय प्रमुख चार, स्कुल तथा क्याम्पसका प्रमुख छ तथा अन्य ११ जना गरी जम्मा ३३ कार्यालय प्रमुखलाई आयोगले कारबाही गरिएको हो ।

सूचना नदिएको भन्दै यही साउन ४ गते आयोगले बल्खुस्थित त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीलाई २० हजार जरिवाना गर्ने निर्णय गरेको थियो । प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ, आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीसहितको आयोगको इजलासले सूचना नदिएको भन्दै सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३२ को उपदफा १ बमोजिम जरिवाना हुने निर्णय गरेको थियो ।

रौतहट मलोहिया-५ का राजीव दासले गरेको उजुरीमा आयोगले उक्त जरिवाना गर्ने निर्णय गरेको हो । दासले परीक्षा नियन्त्रण कार्यालय बल्खुसँग चिकित्सा शास्त्रको अध्ययन कति वर्षसम्म पूरा गर्नुपर्ने हो, यससम्बन्धी व्यवस्था कस्तो छलगायत सूचनाको प्रमाणित प्रतिलिपि माग गरेको थियो ।

त्यस्तै आयोगले गत असार १३ गते सूचना नदिने रौतहटको राजपुर नगरपालिकाको कार्यालय प्रमुख बैंजु ठाकुरलाई १० हजार जरिवाना गरेको थियो । राजपुर नगरपालिका-१ का एकामुल हकले गरेको उजुरीमा आयोगले उक्त उक्त निर्णय गरेको थियो । हकले राजपुर नगरपालिकासँग कोरोना महामारीको समयमा नगरपालिकाको क्वारेन्टिनमा रहेका नागरिकको संख्या र प्रतिव्यक्ति कति खर्च भयो ? क्वारेन्टिनमा बस्ने व्यक्तिले ओढ्नका लागि खरिद गरेको कम्बलको मूल्यबारे प्रमाणित प्रतिलिपि माग गरेको थियो । आयोगले पटक-पटक सूचना उपलब्ध गराउनु भन्दै दिएको आदेशको उपेक्षा गर्ने तथा सूचना उपलब्ध नगराउने कार्यालय प्रमुखमाथि कारबाही गर्ने गरेको छ । सूचना मागकर्ताले मागेको सूचना उपलब्ध नगराए प्रक्रियाअनुसार सो निकायलाई आयोगले सूचना नदिनुपर्नाको कारणलेखी पठाउन भन्दै आदेश जारी गर्छ ।

सो आदेश पछिको जवाफमा सूचनाको हकसम्बन्धी ऐन, २०६५ को दफा ३ ले भने बमोजिमको सूचना उपलब्ध गराउनुपर्ने कानुनमै उल्लेख रहेको आयुक्त मैनालीले बताए। कतिपय सार्वजनिक कार्यालयका प्रमुखले सो विषय जान्दा जान्दै पनि सूचना नै दिन मान्दैनन् । आयोगले पटक-पटक ध्यानाकर्षण गर्दा पनि सूचना नदिने कार्यालय प्रमुखमाथि कारबाही प्रक्रिया अघि बढाउँछ ।



उत्तरी क्षेत्रको 'समृद्धि ढोका' भनेर चिनिने चित्लाङ-चन्द्रागिरी-थानकोट सडकअन्तर्गत् चन्द्रागिरी डाँडामा खसेको पहिरोको पन्छाउँदै एक्साभेटर र लोडर । पहिरोका कारण विगत केही हप्तादेखि अबरुद्ध सडक सोमबार साँझबाट आंशिक खुलाइएको भएता पनि पहिरो पन्छाउने कार्य जारी राखिएको छ । निर्माणाधीन उक्त सडकमा वर्षा लागेसँगै पहिरो खस्ने क्रम बढेको छ । पहिरो पन्छाउने कार्य भइरहेकाले बिहान ११:०० बजेदेखि १२ बजेसम्म र दिउसो ३:०० बजेदेखि ४:०० बजेसम्म) खुल्ला राखेर साँझसम्म काम हुने र सम्पूर्ण पहिरो पन्छाएपछि मात्र पूर्णरुपमा यातायात सञ्चालन गरिने सडक निर्माण सरोकार समितिका रामशरण नेपालले जानकारी गराएका छन् । थाहा नगरबाट काठमाडौं पुग्न चित्लाङ-चन्द्रागिरी-थानकोट सडक सबैभन्दा छोटो दूरीको मार्ग हो । यो सडक निर्माण छिटो सक्न थाहा नगरका मेयर विष्णु विष्टले संघीय मन्त्रालयमा पहल गरिरहेका छन् । - *तस्बिर: साझाकुरा*

# बागमतीका खेलाडीलाई ४५ दिन बन्द प्रशिक्षणमा राखिने



साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ गण्डकी प्रदेशमा हुने भनिएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिने बागमती प्रदेशका खेलाडीलाई ४५ दिन बन्द प्रशिक्षणमा राखिने भएको छ ।

प्रदेश सरकारले राष्ट्रिय खेलकुदमा बलियो मानिएको विभागी टोलीको भन्दा राम्रो नतिजा निकाल्न ४५ दिन बन्द प्रशिक्षण सञ्चालन गर्ने भएको हो । विभागीय टोली नेपाल पुलिस, सशस्त्र प्रहरी र नेपाली सेनामा आवद्ध खेलाडीहरुले धेरै नतिजा ल्याउने गरेका छन् ।

त्यसलाई तोड्न बन्द प्रशिक्षण चलाएर बागमतीका खेलाडीलाई राम्रो बनाइने तयारी गरिएको प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्य सचिव सूर्यलाल भण्डारीले बताए । राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि बागमती प्रदेश सरकारले तयारी तीव्र बनाएको हो ।

प्रदेश खेलकुद विकास परिषद् बागमतीले १० भदौभित्र जिल्लाबाट खेलाडी छनौट सक्ने तयारी गरेको भण्डारीले बताए । यसैगरी, २० भदौभित्र प्रदेशबाट खेलाडी छनोट गरिने जनाइएको छ । प्रदेशबाट छनौट भएका खेलाडीले बागमती प्रदेशको प्रतिनिधित्व गर्दै विधागतरुपमा राष्ट्रिय खेलकुदमा विभागीय टोलीका र अन्य प्रदेशका खेलाडीसँग प्रतिस्पर्धा गर्नेछन् ।

प्रदेश छनोट सकिएपछि खेलाडीलाई बन्द प्रशिक्षणमा राखिने भण्डारीले जानकारी दिए । बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगता गर्ने देशका सात प्रदेशमध्ये पहिलो हो । बागमतीका पाँच जिल्लामा गतवर्ष प्रदेश खेलकुद प्रतियोगिता गरिएको थियो ।

प्रदेश खेलकुद विकास परिषद्को बोर्ड बैठकले तयारीलाई अघि बढाउँदै ३६ खेलमा नै खेलाडीहरुलाई प्रतिस्पर्धा गराउने निर्णय गरेको छ । प्रदेश सरकारले राष्ट्रिय खेलकुदका लागि भन्दै चालू आर्थिक वर्ष २०७९/०८० का लागि बजेट छुट्याएको थियो । प्रदेश सरकारले राष्ट्रिय खेलकुदका लागि जिल्ला छनोटमा १ करोड ३० लाख, प्रदेश छनोटमा ५ करोड रुपैयाँ बजेट बिनियोजन गरेको थियो । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले नवौंको तयारीका लागि भन्दै प्रत्येक प्रदेशलाई ४९ लाख रुपैयाँ बजेट दिने निर्णय गरिसकेको छ ।

# जग्गा बेचेर नयाँ प्लान्ट जडान गर्ने हेटौंडा सिमेन्टको योजना

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ चार वर्षदेखि निरन्तर घाटामा रहेको हेटौंडा सिमेन्ट उद्योगले आफ्नो स्वामित्वको जग्गा बेचेर नयाँ मेसिन जडान गर्ने योजना बनाएको छ ।

उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेले उद्योगलाई नयाँ गतिमा लैजान जग्गा बिक्री गरेर नयाँ प्रविधिको मेसिन उपकरण ल्याउने योजना बनाएका हुन् । हेटौंडा सिमेन्ट उद्योगमा ४० वर्ष पुराना टेक्नोलोजी र थोत्रा मेसिनका कारण नियमित सिमेन्ट उत्पादन हुन सकेको छैन ।

टेक्नोलोजी परिवर्तन गरी उद्योगलाई नियमित सञ्चालन गर्ने योजनामा रहेका पाण्डेले रातोमाटेको जग्गा बिक्री गर्ने तयारी गरिरहेको जानकारी दिए । तर, जग्गा बिक्री गर्ने बारे अन्तिम निर्णय भने भइसकेको छैन । उद्योगको रातोमाटेको जग्गा खरिद गर्न राष्ट्र बैंक इच्छुक रहेको पाण्डेले जानकारी दिए ।

पाण्डे ३ महिनाअघि मात्रै उद्योगको महाप्रबन्धकका रुपमा आएका थिए । उनले आफू आएदेखि नै उद्योग पटक-पटक बन्द भइरहेको बताउँदै प्रविधि नयाँ जडान गर्नुपर्ने बताए । हेटौंडा सिमेन्टलाई समेन्ट उत्पादन गर्ने देशभरका उद्योगमध्ये सबैभन्दा बढी गुणस्तरीय र विश्वासिलो मानिन्छ । गुडबिलले मात्रै टिकेको हेटौंडा सिमेन्ट बन्द हुने अवस्थामा पुगिसकेको छ । उद्योग निरन्तर चल्ने र बन्द भइरहने अवस्थाबाट गुज्रिएको उनी बताउँछन् । 'उद्योगमा नयाँ मेसिन नल्याएसम्म समस्या हट्दैन । एउटा बनाएर चलायो अर्को बिग्रिहाल्छ, कति बनाउनु जति बनाएपनि नियमित चल्न सकेन । नयाँ उपकरण ल्याएर उत्पादन थाल्नुपर्ने भएकाले सरकारसँग पहल गरिरहेको छु', पाण्डेले भने ।



उद्योगले विगत चार वर्षमा करिब ८० करोड घाटा व्यहोरेको छ । घाटासँगै उद्योग करिब २० करोड ऋणमा पनि डुबेको छ । गत आव २०७८/०७९ मा मात्रै उद्योगले करिब साढे २३ करोड घाटा व्यहोर्नु परेको महाप्रबन्धक पाण्डेले जानकारी दिए । गत आवमा एक अर्ब २२ करोड आम्दानी गरेको उद्योगले एक अर्ब ३९ करोड खर्च गरेको छ ।

उद्योगले आव २०७४/०७५ मा १६ करोड ३६ लाख नाफा कमाएको थियो । त्यसयता उद्योग निरन्तर घाटामा छ । आव २०७५/०७६ मा उद्योगले १ करोड ५ लाख, आव ०७६/०७७ मा २३ करोड ८२ लाख, आव ०७७/०७८ मा थप १७ करोड चार लाख नोक्सान व्यहोर्नु परेको उद्योगले जनाएको छ । पछिल्लो ४ वर्षमा लगातार घाटामा चलिरहेको सरकारी स्वामित्वमा रहेको हेटौंडा उपमहानगरपालिका-९ को लामसुरेस्थित उद्योगले आफ्नो खाली जग्गा बेच्ने तयारी गरेको हो ।

नयाँ मेसिन जडान गर्न उद्योगको केही खाली जग्गा सरकारी कार्यालयहरुलाई बेच्न सकिनेबारे मन्त्रिपरिषद्लाई जानकारी गराइएको उद्योगका महाप्रबन्धक पाण्डेले बताए ।

'हामीसँग प्रयोग नभएको जमिनहरु विघौं विगाह छ । प्रदेशको राजधानी हेटौंडा भएपछि यहाँ राष्ट्र बैंकले जग्गा खोजी गरिरहेको छ । उनले भने, हाम्रो प्रयोग नभएको करिब १२ विगाह जति जमिन अर्को सरकारी निकायलाई बेच्न सक्यौं भने केही अर्ब रकम आउँछ र केही सरकारले सहयोग गर्दा नयाँ प्लान्ट जडान गर्न सकिन्छ', पाण्डेले भने । हाल उद्योग नियमित सञ्चालनका लागि ८० करोडदेखि १ अर्ब खर्च लाग्ने अनुमान पाण्डेको छ । उद्योगमा नयाँ प्लान्ट जडान गर्न ५ अर्बदेखि ८ अर्ब खर्च लाग्ने उनको भनाइ छ ।

## भेटवाल बने हेटौंडा सिमेन्टको अध्यक्ष



हेटौंडा/ हेटौंडास्थित सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको रिक्त अध्यक्ष पदमा मकवानपुरे उद्योगी गणेशप्रसाद भेटवाल नियुक्त भएका छन् ।

उद्योग मन्त्रालयको पदपूर्ति समितिले साउन ८ गते भेटवाललाई हेटौंडा सिमेन्ट उद्योगको अध्यक्षमा सिफारिस गरेको थियो । साउन १९ गतेको मन्त्रिपरिषद् बैठकले समितिको सिफारिसलाई अनुमोदन गरेपछि भेटवाल उद्योगको तीन वर्षका लागि अध्यक्ष भएका हुन् । मंगलबार उद्योग सचिवबाट सपथग्रहण गरेर नियुक्तिपत्र प्राप्त गरेको उनले बताए । अध्यक्ष नियुक्त भएसंगै अध्यक्ष भेटवालले हाल घाटामा रहेको उद्योगलाई आफ्नो कार्यकालमा नाफामा लगेर छाड्ने प्रतिबद्धता जनाए ।

# सिंहदरबारको आन्दोलन इन्द्रसरोवरमा, कर्मचारीको ज्ञापन पत्र



साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ सरकारले प्रस्तावित संघीय निजामति ऐनमा आफूहरुको माग सम्बोधन नगरेको भन्दै सोमबारदेखि सिंहदरबारमा सुरु आन्दोलनमा इन्द्रसरोबर गाउँपालिकाको कर्मचारीहरुले पनि ऐक्यबद्धता जनाएका छन् ।

सिंहदरबारमा नायव सुब्बाहरुले नासुभन्दा माथिल्लो तहका कर्मचारीको तलब बढेपनि त्योभन्दा तल्लो तहका कर्मचारीको तलबमान कम भएपछि आन्दोलन गरेका थिए । इन्द्रसरोवर गाउँपालिकाको कर्मचारीहरुले पनि तलबमान कम भएको भन्दै प्रमुख प्रशासकीय अधिकृतमार्फत् सरकारलाई ध्यानाकर्षण गराउन ज्ञापन पत्र बुझाएका छन् । कर्मचारीहरुले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलराम लम्साललाई ज्ञापन पत्र बुझाएका हुन् ।

चालू आर्थिक वर्ष २०७९/०८० को बजेटको घोषणा विपरित कर्मचारीको तलब बढाइएको भन्दै पालिकामा कार्यरत् नायब सुब्बा र त्यसभन्दा तल्लो तहका कर्मचारीहरु आन्दोलनमा उत्रिएका हुन् ।

राजपत्राङ्कित पदको अनुपातमा राजपत्र अनंकित कर्मचारीको पनि मान क्रमअनुसारको तलब समायोजनको माग गर्दै राष्ट्रिय रुपमै स्वत:स्फूर्त चलिरहेको अभियानमा ऐक्यबद्धता स्वरुप ज्ञापन पत्र बुझाएको गाउँपालिकामा कार्यरत् नासु ध्रुवकुमार अधिकारीले जानकारी दिए ।

कर्मचारीहरुको मागलाई आगामी कार्यपालिका बैठकमा छलफल गरी निर्णय गरिने प्रमुख प्रशासकीय अधिकृत लम्सालले बताएका छन् । 'प्रस्तावित संघीय निजामती सेवा ऐनमा प्रदेश र स्थानीय तहमा समायोजन भएका सहायक कर्मचारीहरुको बृद्धि विकासको सम्बन्धमा विभिन्न मागहरु समावेश गरी दबाब दिन तथा राजपत्राङ्कित पदको अनुपातमा राजपत्र अनंकित कर्मचारीको पनि मान क्रम अनुसारको तलब समायोजनको माग गरिएको छ', ज्ञापन पत्रमा भनिएको छ ।

कर्मचारीहरुले नासुमा काम गरेको १० वर्ष पुगेकालाई एक तह, १० वर्षभन्दा बढी काम गरेकालाई दुई तह बढुवा गर्ने व्यवस्था गर्नुपर्ने माग राखेका छन् ।

# न्युरेनीमा शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ हेटौंडा उपमहानगरपालिका-१० न्युरेनीमा एक जनाको शव फेला परेको छ । सोमबार स्थानीय ईश्वरी खड्गीको बंगुर फर्मभित्र बस्ने ज्याला मजदुरी गर्दै हिँड्ने वास्तविक वतन नखुलेको अन्दाजी ६० वर्षीय सूर्य श्रेष्ठ भनेर चिनिने पुरुषको शव फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । शवलाई पोस्टमार्टमको लागि हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जनाएको छ ।


राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि जिल्लास्तरीय छनोट प्रतियोगितामा सहभागी हुन

**फारम भर्ने सम्बन्धी जरुरी सूचना**

यही मिति २०७९ साल असोज २८ गतेदेखि गण्डकी प्रदेशको राजधानी पर्यटकीय नगरी पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०७९ आयोजना हुँदैछ । राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिताका लागि जिल्लास्तरीय र प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट हुनुपर्ने छ । जिल्लास्तरीय छनोट प्रतियोगिताका लागि विभिन्न खेलमा सहभागी हुन इच्छुक खेलाडीले मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालयमा यही मिति २०७९ साल भदौ ३ गतेसम्ममा छनोट प्रतियोगितामा भाग लिनका लागि आवेदन फारम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फारम भर्नका लागि खेलाडीले जन्मदर्ता वा नागरिकताको प्रमाणपत्रको फोटोकपि र ३ प्रति पासपोर्ट साइजको फोटोसहित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला खेलकुद विकास समितिको कार्यालय**
हेटौंडा, मकवानपुर
०५७-५२४६५८/९८५५०६९८१४



**मकवानपुर बहुमुखी क्याम्पसमा**

**कक्षा ११ मा भर्ना खुल्यो**

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

**बिहानी समूह**: व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र
**दिवा समूह**: विज्ञान, व्यवस्थापन



**विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।**

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०



**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

**H.A कार्यक्रम**

**फारम बुझाने अन्तिम मिति:**
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म

**प्रवेश परीक्षा मिति:** २०७९ भाद्र ०४ गते विहान ११ बजे

फारम शुल्क रू १५००/-

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।

**नोट:**
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ९८४५०२९८१०



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना